परिच्छेद

8

नेपाल मानव अधिकार वर्ष पुस्तक र वातावरणीय अधिकार

पृष्ठभूमि

मानवमात्रको जिउने आधार भनेको उसको वातावरण हो। उपयुक्त वातावरणबिना हामी बाँच्ने कल्पना गर्न सक्दैनौँ। पृथ्वीमा मानिसको उदय भएको तीन लाख वर्ष भएको अनुमान गरिन्छ, जबकि पृथ्वीको सृष्टि भएको कम्तीमा साढे चार अर्ब वर्ष भएको छ। हामी मानिस प्रजातिलाई यहाँ आउन यति धेरै वर्ष किन कुर्नु पऱ्यो त ? धेरैलाई लागेको थियो चन्द्रमामा मानिस हुनु पर्दथ्यो, त्यहाँ नभए मङ्गल ग्रहमा त पक्कै हुनुपर्दथ्यो। मानिसको के कुरा अहिलेसम्म त्यहाँ कुनै पनि जीव फेला पर्न सकेको छैन। त्यहाँ मात्र हैन हाम्रो सौर्य मण्डलभित्रका कुनै पनि ग्रह वा उपग्रहमा जीव भेट्टाउन सकिएको छैन। किनभने ती ग्रह, उपग्रहहरूमा जीव जिउन लायक वातावरण छैन। पृथ्वीमै हामीलाई देखा पर्न अहिलेको वातावरण वा पारिस्थितिकीय प्रणालीलाई पर्खिनु पऱ्यो। यस अवधिमा यहाँको वातावरणमा ऊहापोह परिवर्तन भइसकेको छ, प्रकृतिका अल्याख रचनाहरू बिलाइसकेका छन्। वातावरण र जीवबीच रहिआएको यो अनन्य सम्बन्धको सम्मान नै मानव अधिकारको सम्मान हो।

सन् १९४८ डिसेम्बर १० मा संयुक्त राष्ट्रसङ्घको महासभाले मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको एक ऐतिहासिक दस्तावेज पारित गऱ्यो। दोस्रो विश्व युद्ध समाप्तिपछि युद्धका बेला भएगरेका ज्यादती, हिंसा, बर्बरता र असमानताको पृष्ठभूमिमा तयार भएको उक्त घोषणापत्रले पहिलो पटक सर्वत्र संरक्षित गरिनुपर्ने पृथ्वीभरिका मनिसहरूको मौलिक अधिकार र स्वतन्त्रताको स्पष्ट परिभाषित गरी तिनको विस्तृत सूची प्रस्तुत गऱ्यो। यद्यपि यो घोषणापत्रले कानुनत: कसैलाई पनि बाँधेको छैन। यसलाई १९३ राष्ट्रहरूले हस्ताक्षर गरेर प्रतिबद्धता जनाएका छन् भने कतिपय देशले आफ्ना संविधानमा समेत घोषणापत्रको भावना मुखरित गरेको पाइन्छ। व्यापक रूपमा भन्दा घोषणापत्रलाई मानव अधिकारसम्बन्धी ७० भन्दा बढी सन्धिहरूको प्रेरणास्रोत मानिन्छ। हालसम्म यो घोषणापत्र ५ सयभन्दा बढी भाषाहरूमा अनुवाद गरिएको छ।

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रमा कूल ३० ओटा धाराहरू समावेश छन्। अघिल्ला धारा १ र २ ले मानवमात्रको गरिमा, स्वतन्त्रता र समानताको आधारभूत अवधारणाहरू स्थापना गर्छन् भने ३, ४ र ५ ले उनका व्यक्तिगत अधिकारहरू स्थापना गर्छन्, ६ देखि ११ ले मानव अधिकारहरूको आधारभूत कानुनी मान्यता उल्लेख गर्छन् र तिनको उल्लङ्घन हुँदा रक्षा गर्न विशेष उपायहरू निर्दिष्ट गर्छन्। त्यस्तै, धारा १२ देखि १७ ले व्यक्तिको समुदायप्रति हुने अधिकारहरू व्याख्या गर्छन्, १८ देखि २१ ले "संवैधानिक स्वतन्त्रता" तथा आध्यात्मिक, सार्वजनिक र राजनीतिक स्वतन्त्रता सुनिश्चित गर्छन्, २२ देखि २७ ले व्यक्तिको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू सुनिश्चित गर्छन्। अन्ततः धारा २८, २९ र ३० ले यी अधिकारहरू प्रयोग गर्ने साधनहरूको सामान्य व्यवस्था, ती अधिकारहरू लागु गर्न नसकिने क्षेत्रहरू, समाजप्रति व्यक्तिको कर्तव्य, तथा संयुक्त राष्ट्रसङ्घको उद्देश्य विपरीत अधिकारहरूको प्रयोगको निषेध स्थापना गर्छन्।

जस्तो वातावरण, उस्तो जीवन

मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रले मानिसको जिउने अधिकार (धारा ३) र गुणस्तरीय जीवन (धारा २३) को पैरवी गर्दछ जसले स्वच्छ तथा स्वस्थ्य वातावरणको आवश्यकता पहिचान गरी त्यसलाई स्थापित गरेको छ। कैयन् वर्षसम्म मानिसले फोहर-मैला, धुवाँ-धुलो र प्रदूषणलाई आफ्नो नियति ठानिरहेका थिए। मोटरगाडी र रेलबाट निस्किरहेको धुवाँले उनीहरू निसासिन्थ्ये, कलकारखाना उद्योग धन्दाहरूबाट मिल्काइएका फोहोर पानी उनीहरूकै नदीनालामा जथाभावी फालिन्थे। तर, बोल्ने साहस हुँदैनथ्यो। मानव अधिकारको घोषणापत्रले उसको दमित वातावणीय चेतनालाई पनि जागृत गरिदियो। यसको सटिक उदाहरण जापानको "मिनामाता व्यो" हो, यो एकप्रकारको दर्दनाक स्नायु सम्बन्धी रोग हो जसका कारण सुरुमा मानिसका हात खुट्टा नचल्ने र पछि पक्षाघात भई मानिस मृत्युसमेत हुन्छ।

सर्वप्रथम "मिनामाता व्यो" सन् १९५६ मा जापानको दक्षिणी टापू क्युशुस्थित मिनामाता शहरकी एउटी पाँच वर्षीया बालिकामा देखा परेको थियो। यो नयाँ

र अनौठो प्रकारको रोग थियो। अनुसन्धानले देखायो कि यसको एकमात्र कारण पारो (मर्करी) रहेछ जसको स्रोत भनेको त्यही शहरमा रहेको 'चिस्सो कर्पोरेशन' थियो। 'चिस्सो' सन् १९०८ देखि सञ्चालन आइरहेको एक रासायनिक कारखाना थियो। 'चिस्सो'ले उसको कारखानाबाट निस्केको सारा खराब पानी नजिकै रहेको समुद्रमा फाल्ने गर्थ्यो जसका कारण थुप्रै माछा र जलजिविहरूमाथि घातक असर पुगिरहेको थियो। सन् १९२६ र १९४३ उसलाई स्थानीय माछापालन सहकारीहरूले हर्जाना पनि तिराएका थिए। तर, स्थिति सुधिएन, पछिल्लो समय उसैको कारण "मिनामाता व्यो" देखा पऱ्यो। स्थानीयबासी र समर्थक नागरिकहरूको आन्दोलन राजधानी तोक्योसम्म पुग्यो। समस्या समाधान भएन। सन् १९६९ मा अदालतमा मुद्दा चल्यो, चार वर्षपछि पीडितहरूले न्याय पाए।

जतिबेला जापानमा कारखानाबाट निष्कासित प्रदुषणयुक्त पानी विरुद्ध नागरिकहरू आन्दोलित थिए, यूरोपतिर लन्डन शहरमा "स्मोग" (Smoke + Fog - Smog) ले लाखौँ मानिसहरूको स्वास्थ्यमा असर पुऱ्याइरहेको थियो, जसका कारण सन् १९५२ एकै वर्ष त्यहाँ ४ हजार मानिसहरूको ज्यान गएको थियो। सन् १९५६ मा नागरिक समाजको दबाबमा बेलायत सरकारले एउटा कानुन ल्यायो। "स्वच्छ वायु ऐन" नाम राखिएको उक्त कानुनले १२ वर्षपछि पूर्णता पायो। त्यस्तै, उता संयुक्त राज्य अमेरिकामा पानीसम्बन्धी पुरानो कानुनलाई संशोधन गरी "स्वच्छ जल ऐन २०७२" तयार भई लागु गरियो। यस अघि सन् १९७० अप्रिल २२ को दिन त्यहाँ पृथ्वीको वातावरण जोगाउन भनी २ करोड भन्दा बढी मानिसहरू सडकमा आएका थिए। यो अविस्मरणीय हातेमालोलाई आज पर्यन्त पृथ्वी दिवसका रूपमा हरेक वर्ष संसारभर मनाइन्छ। मानव अधिकारको घोषणापत्रले बालेको वातावरणीय चेतनाको दियोले यसरी विश्वव्यापी जनअभियानको रूप लिएको देखिन्छ।

मानव अधिकार र वातावरण

हालका वर्षहरूमा मानव अधिकार र वातावरणबीचको सम्बन्धको पहिचान उल्लेखनीय रूपमा वृद्धि भएको छ। मानव अधिकार र वातावरणको सम्बन्धबारे अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनहरू, न्यायिक निर्णयहरू, शैक्षिक अध्ययनहरूको सङ्ख्या र दायरा तीव्र रूपमा बढिरहेको छ। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको सूचीमा उल्लिखित अधिकारहरूको पूर्ण रूपमा उपभोग गर्न सुरक्षित, सफा, स्वस्थ र दिगो वातावरण अपरिहार्य हुन्छ। स्वस्थ वातावरण बिना न हामी आफ्ना आकाङ्क्षाहरू हासिल गर्न सक्छौँ न मानव मर्यादाको न्यूनतम मापदण्डहरू पूरा हुन सक्छ। मानव अधिकारको रक्षा गर्दा वातावरण पनि सुरक्षित हुन्छ। अत: वातावरणीय अधिकार मानव अधिकारकै अविभाज्य अङ्ग हो। मानव अधिकार र वातावरणबीचको सम्बन्ध अन्योन्याश्रित र प्रवल हुँदै गएको परिप्रेक्ष्यमा मानव अधिकार परिषद्ले सन् २०१२ मा मानव अधिकार र वातावरणसम्बन्धी एक स्वतन्त्र विज्ञको म्यान्डेट स्थापना गरेको थियो।

मानव अधिकार परिषद् (Human Rights Council) संयुक्त राष्ट्रसङ्घ प्रणालीभित्रको एक अन्तरसरकारी निकाय हो, जसमा ४७ राष्ट्रहरू समाविष्ट छन् र यसको उद्देश्य विश्वभर मानव अधिकारहरूको प्रवर्द्धन र संरक्षण गर्नु हो। सन् २०२४ मा परिषद्ले उल्लिखित मानव अधिकार र वातावरणसम्बन्धी म्यान्डेटलाई अझ फराकिलो बनाउँदै यसलाई परिमार्जन गरी "मानव अधिकार तथा वातावरणका लागि विशेष समाधीक्षक (Special Rapporteur on Human Rights and Environment, SRHRE)" राखिएको छ। यसले सुरक्षित, सफा, स्वस्थ र दिगो वातावरणसँग सम्बन्धित मानव अधिकार र दायित्वहरूको जाँच गर्नुका साथै वातावरणीय नीति निर्माणमा मानव अधिकार उपयोगसम्बन्धी सफल र राम्रा अभ्यासहरूको प्रवर्द्धन गर्दछ।

सन् २०२२ जुलाइ २८ मा संयुक्त राष्ट्रसङ्घ महासभाले एक प्रस्ताव पारित गरी सबै मानिसहरूको स्वस्थ वातावरणमा बाँच्ने अधिकार रहेको घोषणा गऱ्यो। यो वास्तवमा विभिन्न सरोकारवालाहरूको दशकौँदेखिको प्रयासबाट निसृत एक ऐतिहासिक निर्णय थियो जसको सकारात्मक असर सुदूर भविष्यसम्म रहनेछ। यसले सबै राष्ट्रहरू, अन्तर्राष्ट्रिय संस्थाहरू, र व्यवसायिक प्रतिष्ठानहरूलाई सबैका लागि स्वस्थ वातावरण सुनिश्चित गर्न र त्यस्तो प्रयासलाई तीव्र पार्न अह्वान गरेको छ। महासभाको उक्त प्रस्ताव सन् २०२१ मा मानव अधिकार परिषद्ले पारित गरेको समान पाठमा आधारित हो। यो प्रस्तावले सन् १९७२ मा राष्ट्रसंघद्वारा स्टकहोममा आयोजित पहिलो विश्व वातावरण सम्मेलनद्वारा पारित पहिलो सिद्धान्त "मानिसहरूलाई सम्मानजनक र सुखी जीवन बिताउन गुणस्तरीय वातावरण प्रदान गर्ने स्वतन्त्रता, समानता र जीवनयापनका लागि पर्याप्त अवस्थाहरूको मौलिक अधिकार रहन्छ" को मर्म पनि आत्मसात गरेको छ।

वातावरणीय अधिकार भनेको निर्दिष्ट गुणस्तरको वातावरणीय अवस्थासँग सम्बन्धित मानव अधिकारको

घोषणा हो। यी अधिकारहरू कुनै परिकल्पित, टाढाका वा अप्रासङ्गिक अवधारणा होइनन्, बरु तिनीहरू समाज र यसको पारिस्थितिकीय प्रणालीका लागि महत्त्वपूर्ण, स्पष्ट र कार्यात्मक पक्षहरू हुन्। विश्वका १ सय भन्दा बढी राष्ट्रहरूले स्वस्थ वातावरणको अधिकारलाई आफ्नो संविधानमा समावेश गरेका छन्। नेपालको संविधान २०७२ (सन् २०१५) ले पनि नागरिकको स्वच्छ वातावरणको हकलाई मौलिक हक र कर्तव्य (भाग ३) अन्तर्गत प्रत्याभूत गरेको छ। संविधानको धारा ३० मा यससम्बन्धी दुई ओटा बुँदाहरू प्रष्ट लेखिएका छन् (१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ, (२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

वर्ष पुस्तक र वातावरणीय अधिकार

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९९२ देखि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। पुस्तकमा मानव अधिकार सम्बन्धी समसामयिक विषयहरू जस्तै निर्वाचन, सङ्घीयता र मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने निकायहरूका विचार र सूचनाहरू समावेश गरिएको हुन्छ। यसैगरी, देशका विभिन्न स्थानहरूमा भएका मानव अधिकारसम्बन्धी सम्पूर्ण घटनाहरू, मानव अधिकारको हनन्, हत्या-हिंसा, यातना, भेदभावजस्ता विषयहरूको तथ्याङ्क सहित सूचनाहरू छापिने गर्दछ। यी सूचनाहरू मुख्यतया इन्सेक जिल्ला प्रतिनिधिहरूले स्थलगत रूपमा सङ्कलन गरेर तयार पारेका विषयगत प्रतिवेदन र सम्बन्धित निकायबाट प्राप्त तथ्यको आधारमा प्रकाशित गरिन्छ। इन्सेकले यो वर्षको प्रकाशनमा वातावरणीय अधिकारहरूलाई पनि समावेश गर्ने जमर्को गरेको छ।

समस्या पहिचान तथा सूचना सङ्कलन विधि

वातावरणीय अधिकारहरूको पहिचान गर्न हाम्रो वातावारणमा देखा परेका समस्याहरू पहिल्याउनु पर्ने हुन्छ। वातावरण आफैँमा एउटा विहङ्गम विषय हो। सरल भाषामा भन्दा हाम्रो सेरेफोरो नै हाम्रो वातावरण हो जसभित्र मनिसको वरिपरि रहेका सबै सजीव र निर्जीव वस्तुहरूलाई समेट्न सकिन्छ। प्रथम दृष्टिमा वातावरणले प्राकृतिक वातावरणलाई जनाउँछ, यद्यपि यो मात्र वातावरण होइन। प्राकृतिक वातावरणले प्रकृतिमा पाइने सबै सजीव र निर्जीव तत्व/वस्तु तथा तिनीहरूको भौतिक र जैविक अवयवहरूलाई जनाउँछ, जसले जीव वा जीवहरूको समूहलाई प्रभाव पार्ने रासायनिक एवम् ऊर्जा सहितको अन्तरक्रियात्मक प्रणाली निर्माण गर्छ। प्रकृतिमा मानिसको अभ्यूदयपछि वातावरण अब प्राकृतिक मात्र भएन, तिनले रूपान्तरण गरेर बनेका निर्मित वातावरण पनि बनेको छ। मानव बस्ती, खेतबारी, जलाशय, नहर, सडक, आदि यसका उदाहरण हुन्। निर्मित वातावरणहरूमा मानिसले आफ्नो सुविधा अनुकुल भूबनोटलाई आधारभूत रूपमा रूपान्तरण गरेको हुन्छ। यस्तो भनिन्छ, मानिस नपुगेको अब पृथ्वीको कुनै स्थान छैन।

मानिसकै कारण प्राकृतिक वातावरणमा खलल पुगेको छ जसले गर्दा दिनानुदिन समस्यामाथि थप समस्या आइपरेको छ। अहिले हामीले भोगिरहेका वातावरणीय समस्याहरू जस्तै जलवायु परिवर्तन, प्रदूषण, जैविक विविधताको विनास, फोहोर-मैलाको थुप्रो, आदिको सूची निकै लामो हुन सक्छ। केही वर्षयता वैज्ञानिकहरूले वैश्विक रूपमा हाम्रा वातावरणीय समस्याहरू र तिनको अवस्थाबारे विश्लेषण गर्न वातावरणका नौ ओटा लक्ष्मण रेखाहरू (प्लानेटरी बाउण्डरिज) कोरेका छन् जुन यसप्रकार छन् : (१) जलवायु परिवर्तन र विश्व तापमान वृद्धि, (२) कृत्रिम पदार्थहरू (जस्तै माइक्रोप्लास्टिक, हर्मोन अवरोधक,आणविक फोहोर आदि), (३) स्ट्राटोस्फेरिक ओजोन क्षय, (४) वायुमण्डलीय एयरोसोल लोडिङ, (५) महासागर अम्लीकरण, (६) भू-रासायनिक प्रवाहहरूको रूपान्तरण, (७) सफा पानी (फ्रेश वाटर) को समस्या, (८) भूमि प्रणाली परिवर्तन, र ९) जीवमण्डलीय अखण्डता र जैविक विविधताको ह्रास। सन् २०२३ सम्म आइपुग्दा यीमध्ये ६ ओटा लक्ष्मण रेखाहरू हामीले नाघिसकेका रहेछौँ।

मानव अधिकार वर्ष पुस्तकमा समाविष्ट सूचनाहरू मुख्यतया: इन्सेक जिल्ला प्रतिनिधिहरूले स्थलगत रूपमा सङ्कलन गरेर तयार परेका विषयगत प्रतिवेदन र सम्बन्धित निकायबाट प्राप्त तथ्यको आधारमा प्रकाशित गरिन्छ। वर्ष पुस्तकमा वातावरणीय अधिकारहरू पहिलो पल्ट राखिने भएको हुँदा यससम्बन्धी विज्ञहरूसँग देशका विभिन्न जिल्लामा क्रियाशील इन्सेककर्मीसँग अन्तरक्रिया र अभिमुखीकरण गर्ने कार्य गरियो। यस सिलसिलामा इन्सेकद्वारा आयोजित जिल्ला तथा प्रदेश प्रतिनिधिहरूको भेला र कार्यशालाका अवसरमा काठमाडौँमा २१ जना, नेपालगञ्जमा २५ जना र जनकपुरमा २६ जना गरी कूल ७२ जनाको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा सबैगरी नेपालका ६१ जिल्लाहरूबाट प्रतिनिधित्व रहेको थियो। प्रतिनिधिहरूबाट आफ्नो अनुभव, अध्ययन र समूहगत छलफलद्वारा वातावरणीय समस्याहरू र मानव अधिकारको पहिचान तथा सूचीकरण गरिएको थियो। साथै,

तालिका ४.१ इन्सेकद्वारा सन् २०२४ मा आयोजित जिल्ला तथा क्षेत्रीय प्रतिनिधिहरूको भेला र कार्यशालाका सहभागी सङ्ख्या

क्र.सं.	मिति	स्थान	सहभागी सङ्ख्या	जिल्ला प्रतिनिधि	विधि
१	जुलाइ ५–७, २०२४ (असार २१–२३, २०८१)	काठमाडौँ	२१	१०	विज्ञद्वारा प्रस्तुति, अन्तरक्रिया, सहभागीहरूबीच अनुभव र ज्ञान आदान–प्रदान, समूहगत छलफल र निष्कर्ष
२	सेप्टेम्बर १३–१४, २०२४ (भदौ २८–२९, २०८१)	नेपालगञ्ज	२५	२५	
३	सेप्टेम्बर १९–२०, २०२४ (असोज ३–४ गते, २०८१)	जनकपुर	२६	२६	
	कूल	३	७२	६१	

(स्रोत : इन्सेक, २०२४)

कार्यशालाले सूचना सङ्कलनका विधिहरू र तिनको सम्भाव्य स्रोतहरू पनि पहिचान गरेको थियो।

उल्लिखित भेला र कार्यशाला पश्चात सहभागी प्रतिनिधिहरू आफ्ना कार्य क्षेत्रमा गएर सूचनाहरू सङ्कलन गरेका थिए। यसरी प्राप्त सूचनाहरूलाई सकेसम्म एकरूपता हुने गरी इन्सेकमा छुट्टाछुट्टै प्रतिवेदन सहित प्रेषित गरिएको थियो। *तालिका १* मा इन्सेकद्वारा आयोजित जिल्ला तथा क्षेत्रीय प्रतिनिधिहरूको भेला र कार्यशालाका सहभागी सङ्ख्या प्रस्तुत गरिएको छ।

नतिजाहरू तथा छलफल

वातावरणीय समस्याहरू

मानव अधिकार वर्ष २०२५ पुस्तकमा समेट्ने हेतु विभिन्न वातावरणीय समस्याहरूमध्ये नेपालको सन्दर्भमा कुन कति समेट्ने र के कति परिमार्जन गर्ने भन्ने विषयमा इन्सेकले जिल्ला प्रतिनिधिहरूको भेला र कार्यशालाहरूमा छलफल गऱ्यो। काठमाडौं, नेपालगञ्ज र जनकपुर तीन स्थानहरूमा सम्पन्न ती कार्यक्रमहरूमा ६१ जिल्लाहरूबाट कूल ७२ जना मानव अधिकारकर्मी र अभियन्ताहरूको उपस्थिति थियो। सर्वप्रथमत: भेलाले मानव अधिकारहरूको विश्वव्यापी घोषणामा समाहित ३० ओटा बुँदाहरूमध्ये वातावरणसित कुन र कसरी सान्निध्यता राख्दछ भन्ने विषयमा गहन छलफल गऱ्यो। सहभागीहरूले विश्वव्यापी घोषणाका प्राय: सबै बुँदाहरूमा वातावरणका मुद्दाहरू मुखरित भएको र तीमध्ये पनि ६ ओटा धाराहरू अत्यन्तै सान्निध्य रहेको निर्क्योल गऱ्यो। ती यसप्रकार थिए: धारा ३ जीवन बाँच्ने अधिकार, धारा १७ सम्पत्तिको स्वामित्व, धारा २२ सामाजिक सुरक्षा, धारा २४ मनोविनोद र आराम, धारा २५ गुणस्तरीय जीवन, गाँस, बास, कपास, र स्वास्थ्य उपचार, र धारा २७ कला, संस्कृति र विज्ञानको सराहना। अन्ततः भेलाले वातावरणीय अधिकार भनेका मानव अधिकार हुन् र ती अविभाज्य छन् भन्ने कुराको निर्क्योल गऱ्यो।

नेपाल क्षेत्रफल र जनसङ्ख्याका हिसाबले ठूलोमा नगनिए तापनि भौगोलिक, प्राकृतिक साथै आर्थिक-सामाजिक दृष्टिकोणले उच्च विविधता भएको देश हो। उल्लिखित भेला र कार्यशालामा यी सबै भूगोल (उच्च पर्वत, मध्य पहाड र तराई मैदान) र आर्थिक-सामाजिक परिवेशहरूको प्रतिनिधित्व हुने गरी नेपालका ७७ मध्ये ६१ जिल्लाहरूबाट प्रतिनिधित्व रहेको थियो। सहभागीहरू स्थानीय समस्याहरूसँग सुपरिचित र अनुभवी बुद्धिजीविहरू थिए। कार्यशालाको पहिलो चरणमा समूहगत छलफल गरी नेपालमा विद्यमान वातावरणीय समस्याहरूको सूची तयार पार्ने कार्य भयो। नेपालगञ्ज र जनकपुरमा भएको कार्यशालाले २० विभिन्न वातावरणीय समस्याहरूको पहिचान गरेको थियो। ती पहिचान गरिएका समस्याहरूलाई पाँच विभिन्न विधाहरू अन्तर्गत राखियो, जुन यस प्रकार थिए: (१) कृषि तथा खाद्य (२) जनस्वास्थ्य, (३) प्राकृतिक श्रोत तथा जैविक विविधता, (४) जलवायु परिवर्तन र विपद र (५) भू रूपान्तरण *(हेर्नुहोस् तालिका ४.२)*।

वातावरणीय अधिकारको अवस्था

संयुक्त राष्ट्रसङ्घ वातावरण कार्यक्रम (UNEP) का अनुसार वातावरणसँग सम्बन्धित मानव अधिकारहरू सारभूत रूपमा तीन वर्गमा राख्न सकिन्छ: (१) नागरिक तथा राजनीतिक अधिकार, जस्तै जीवनको अधिकार, (२) आर्थिक तथा सामाजिक अधिकार, जस्तै स्वास्थ्य, खाद्य तथा उचित जीवनस्तरको अधिकार, र (३) सांस्कृतिक अधिकार, जस्तै वातावरणीय क्षतिको असर पर्ने सामूहिक अधिकारहरू (जस्तै रहँदै बस्दैको बासस्थान)। मानव अधिकार परिषद्को विशेष प्रतिवेदकले जलवायु परिवर्तनबाट मानव अधिकारमा पर्ने प्रभाव पनि समावेश छन्। नेपालको संविधानले यी अधिकारहरूलाई यथोचित सम्बोधन गरेको पाइन्छ। तालिका १ मा उल्लेख भए जस्तै कार्यशालामा सहभागीहरूबाट २० प्रकारका वातावरणीय समस्याहरूको पहिचान भएको थियो। यीमध्ये नमूनाका रूपमा ११ ओटा समस्याहरूलाई उल्लिखित मौलिक अधिकारहरूको आलोकमा चार क्षेत्रहरूमा वर्गीकरण गरियो, जुन यसप्रकार थिए: जीवनको अधिकार, स्वास्थ्यको

तालिका ४.२ **इन्सेकद्वारा सेप्टेम्बर, २०२४ मा नेपालगञ्ज र जनकपुरमा आयोजित मानव अधिकार प्रतिनिधिहरूको कार्यशालाले पहिचान गरेका वातावरणीय समस्याहरू**

क्र.सं.	विधा	वातावरणीय समस्याहरू	नेपालगञ्ज	जनकपुर
१	कृषि तथा खाद्य (४)	कृषि उत्पादनमा कमी	√	
		विषादीको जथाभावी प्रयोग	√	√
		पुराना/विषादियुक्त खाद्य वस्तुहरू	√	√
		रासायनिक मलको प्रयोग	√	√
२	जनस्वास्थ्य (५)	वायु प्रदुषण (इँटा भट्टा, धुलाम्य सडक)	√	√
		ध्वनि प्रदूषण	√	√
		फोहोर मला, प्लास्टिकजन्य वस्तुहरू	√	√
		रोगब्याधी (अबुद, डेंगी)	√	
		अस्वस्थकर पशु बध	√	
३	प्राकृतिक स्रोत तथा जैविक विविधता (५)	वन विना	√	√
		वन डढेलो	√	√
		सिमसारको अतिक्रमण र विनाश	√	
		जैविक विविधताको ह्रास	√	√
		ढुङ्गा तथा बालुवा उत्खनन		√
४	जलवायु परिवर्तन र विपत (५)	तापक्रम वृद्धि	√	√
		हिउँ गल्नु, हिउँ पहिरो	√	√
		पानीको सङ्कट, मुहान सुक्ने	√	√
		बाढी, पहिरो	√	√
		हिमताल विष्फोट		√
५	भू रूपान्तरण (१)	अव्यवस्थित शहरीकरण, जथाभावी सडक निमाण	√	√

(स्रोत : इन्सेक, २०२४)

अधिकार, खाद्य सुरक्षाको अधिकार, र खानेपानी तथा सरसफाइको अधिकार। कार्यशालामा सहभागीहरूसित छलफल र अन्तरक्रिया गर्दै यसलाई सूचीकृत गरियो र तिनको सूचना पाइने सम्भाव्य स्रोतहरू पनि पहिचान गरियो *(तालिका हेर्नुहोस् ४.३)*।

नेपालको संविधान अनुसार नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक देश हो। यसको मूल संरचनामा सात प्रदेशहरू कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदुर पश्चिम छन् र अनुसूची ४ मा यी प्रदेशहरूभित्र जिल्लाहरू समेटिएका छन् जसको कूल सङ्ख्या ७७ रहेको छ। इन्सेक जिल्ला प्रतिनिधिहरूले आ-आफ्नो जिल्लाहरूमा सम्बन्धित निकायमा सम्पर्क गरी मानव अधिकार हनन्का तथ्याङ्कहरू सङ्कलन गर्ने गर्दछन्। यो वर्ष यसै तथ्याङ्कसँगै माथि उल्लिखित कार्यशालाबाट तय गरिएका वातावरणीय अधिकारहरूको सूचनाहरू पनि सङ्कलन गर्ने कार्य भयो। सङ्कलित सूचनाका आधारमा इन्सेकलाई प्राप्त प्रतिवेदन अनुसार उहाँहरूले सात प्रदेशका ७७ वटै जिल्लाबाट वातावरणीय अधिकारसम्बन्धी तथ्याङ्कहरू सङ्कलन गर्नु भएको छ *(हेर्नुहोस् तालिका ४.४, अनुसूची १)*।

बसाईँसराइ

आफू जन्मे हुर्केको ठाउँ र बस्तीमा बस्न रम्न पाउनु प्रत्येक मानिसको जन्मसिद्ध अधिकार हो। केही मानिसहरू काम वा आर्थिक अवसरको खोजीमा, परिवारसँग जोडिन, वा अध्ययन गर्न बसाइँ सर्छन् भने केही द्वन्द्व, उत्पीडन वा व्यापक मानव अधिकार उल्लङ्घनबाट जिउज्यान बचाउन आफ्नो थातथलो छाड्छन्। जलवायु परिवर्तन, प्राकृतिक प्रकोप वा अन्य वातावरणीय कारणहरूले पनि प्रतिकूल प्रभावको प्रतिक्रिया स्वरूप बसाइँसराइ सर्नेहरू धेरै हुन्छन्। नेपालमा हुने बसाइँसराइका बारेमा अग्रणी योजनाविद् डा. हर्क गुरुङले सन् १९८४ मा प्रकाशन गर्नुभएको "नेपालमा अन्तर प्रादेशिक बसाइँसराइ" पुस्तकमा मानिसहरू पहाडबाट

तालिका ४.३ नेपालको संविधानमा उल्लिखित मौलिक अधिकारहरूको आलोकमा पहिचान गरिएका वातावरणीय समस्याहरू र तिनका सूचनाको स्रोत

क्र.सं.	क्षेत्र	वातावरणीय समस्या	विधि	सूचनाको स्रोत
१	जीवनको अधिकार	१.१ विस्थापन १.२ पहिरो १.३ वन डढेलो १.४ बाढी/ग्लफ (GLOF Glacial Lake Outburst Flood)	▸ पहिरो, बाढी/ग्लफ, वन डढेलो घटनाको सङ्ख्या ▸ पयावरणीय मस्याका कारण बसाइँ सरेका परिवारहरूको सङ्ख्या	▸ सम्बन्धित जिल्ला कार्यालयहरूको वार्षिक पुस्तक ▸ जिल्ला प्रशासन कार्यालय ▸ जिल्ला प्रहरी कार्यालय
	स्वास्थ्यको अधिकार	१.१ तापलहर १.२ वायु प्रदूषण १.३ कीटनाशक औषधी (विषादी) को प्रभाव	▸ क्यान्सरका बिरामी सङ्ख्या ▸ तापलहरका कारण मृत्यु सङ्ख्या ▸ कीटनाशक बिक्री केन्द्रहरूको सङ्ख्या	▸ जिल्ला अस्पताल ▸ जिल्ला प्रशासन कार्यालय
	खाद्य सुरक्षाको अधिकार	१.१ कृषि उत्पादन १.२ खाद्य आपूर्तिको मात्रा	▸ मुख्य बालीहरूको उत्पादन ▸ वन्य खाना (जस्तै च्याउ) विषालु च्याउ सेवनबाट मृत्यु सङ्ख्या	▸ जिल्ला प्रशासन कार्यालय ▸ खाद्य आपूर्ति डिपो
४	खाने पानी तथा सरसफाइको अधिकार	१.१ खानेपानीको अभाव १.२ फोहोर–मैला (ठासे, रासायनिक)	▸ खानेपानीको धारा सङ्ख्या ▸ सार्वजनिक शौचालय सङ्ख्या ▸ फोहोर व्यवस्थापन केन्द्र सङ्ख्या	▸ जिल्ला खानेपानी कार्यालय ▸ नगरपालिका तथा गाउँपालिका

(स्रोत : इन्सेक जिल्ला प्रतिनिधिहरूले आ-आफ्नो क्षेत्रमा गएर सम्बन्धित निकायहरूबाट सङ्कलित प्रतिवेदन।

तराईतिर सर्नुको प्रमुख कारणहरूमा खाद्यान्नको अभाव र वातावरणीय समस्याहरू पनि पर्दछन् उल्लेख छ। यी दुवै समस्याहरूबाट पीडित हुनु र त्यसैका कारण विस्थापित हुने परिस्थिति आइपर्नु भनेको मानव अधिकारबाट बन्चित हुनु हो।

इन्सेकद्वारा सङ्कलित तथ्याङ्कले सन् २०२४ मा नेपालका विभिन्न जिल्लाहरूबाट बसाइँ सर्नेहरूको सङ्ख्या १ लाख ५० हजार ८ सय ४५ रहेको देखिन्छ *(तालिका ४.४)*। प्रादेशिक हिसाबले सबभन्दा धेरै बागमती (कूल ४६ हजार ३ सय ८९) र त्यसपछि गण्डकी (कूल ३४ हजार ८ सय ९५) प्रदेशमा भएको देखिन्छ। जिल्लास्तरमा हेर्दा बसाइँ सर्नेहरूको सङ्ख्या सबभन्दा धेरै काठमाडौं (१३ हजार ५ सय ८६) र त्यसपछि चितवन (१० हजार ९ सय ९३) मा रहेको छ। बसाइँसराइको सबभन्दा कम गतिविधि भएको प्रदेशमा कर्णाली (४ हजार ४ सय ३७) र त्यसपछि सुदूरपश्चिम (९ हजार ८ सय ३६) र लुम्बिनी प्रदेश (९ हजार ८ सय ८४) पर्दछन्। जिल्लास्तरमा नियाल्दा हिमाली जिल्लाहरू जहाँ जनसङ्ख्या पातलो छ ती जिल्लाहरूमा बसाइँसराइ पनि निकै कम देखिन्छ, जस्तै डोल्पा (१५), हुम्ला (२२), र मुस्ताङ (७४) मनाङ (९७)। सिन्धुपाल्चोक (१ सय ९) र रसुवा (१ सय ४१) धेरै बसाइँसराइ हुने प्रदेश बागमतीभित्र परेतापनि यी जिल्लामा बसाइँसराइको सङ्ख्या कम छ।

तालिका ४.४ नेपालका सात प्रदेशको वातावरणीय अधिकारसँग सम्बन्धित समस्याहरूको फेहरिस्त (सङ्ख्यामा)

	प्रदेश	बसाइँसराइ	वायु प्रदुषण			च्याउ खाएर		खानेपानी	सार्वजनिक
			ईंटाभट्टा	सिमेन्ट उद्योग	अन्य	मृत्यु	बिरामी	(प्रतिशत)	शौचालय
१.	कोशी	१८,५३२	१२६	१३	०	३	०	६७	२४०
२.	मधेश	२६,८७२	७०४	२	०	०	०	३१	४,०१७
३.	बागमती	४६,३८९	१४४	५	५०	०	०	५४	३,१७६
४.	गण्डकी	३४,८९५	२२	५	४४	०	०	७७	१,७५७
५.	लुम्बिनी	९,८८४	३०८	३१	८	१	७७	५८	४४८
६.	कर्णाली	४,४३७	६	२	१८	०	१०	५२	१०१
७.	सुदूरपश्चिम	९,८३६	११३	०	०	१	५	४३	२०७
	जम्मा	१५०,८४५	१,४२३	५७	१२०	५	९२	५५	९,९४६

(स्रोत : इन्सेक जिल्ला प्रतिनिधिहरूले सम्बन्धित निकायहरूबाट सङ्कलन गरेको प्रतिवेदन।

यसप्रकार नेपालमा एक स्थानबाट अर्कोमा जानेहरूको सङ्ख्या उल्लेख्य देखिन्छ, यद्यपि अहिलेको तथ्याङ्कले कारण भने खुलाउन सकेको छैन।

वायु प्रदूषण

वायु प्रदूषण ठूलो समस्याका रूपमा रहेको छ। जसका कारण विश्वमा बर्सेनी ८१ लाख मानिसहरूले ज्यान गुमाउनु परिरहेको छ। विश्व स्वास्थ्य सङ्गठनका अनुसार विश्वको ९० प्रतिशत मानिसहरू खराब हावा लिन बाध्य छन्। नेपालको अवस्था पनि नाजुक छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार वायु प्रदूषणको कारण नेपालीहरूको सरदर आयु ४ दशमलब १ वर्षले घटेको छ। वायु प्रदूषणले गर्दा हामीकहाँ बर्सेनी ४२ हजार १ सय मानिसहरूको मृत्यु हुन्छ। यसरी मानिसहरू स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकबाट बञ्चित भएको देखिन्छ। वायु प्रदूषणका विविध कारणहरू छन्, जस्तै यातायातका साधनहरूबाट निस्कने धुवाँ, कलकारखानाबाट निस्कने धुवाँ, वन डढेलोले ल्याउने खरानी, खेतबारीमा बालिने छ्वाली र पराल, दाउरा बालिने चुलो आदि।

मानव अधिकार वर्ष पुस्तकमा स्वस्थ वातावरणमा बाँच्न पाउने मानिसको अधिकारको बुँदा अन्तर्गत वायु प्रदूषणको समस्यालाई समावेश गरिएको छ। तालिका ३ मा देखाइए अनुसार वायु प्रदूषणका कारकहरूमध्ये इँटाभट्टा र सिमेन्ट कारखानालाई लिइएको छ। सङ्कलित प्रतिवेदन अनुसार नेपालमा १ हजार ४ सय ९ वटा इँटाभट्टाहरू छन्। सबभन्दा धेरै मधेश प्रदेश (७ सय ४) मा र त्यसपछि लुम्बिनी प्रदेश (३ सय ८) मा सञ्चालित रहेको देखिन्छ (तालिका ४.४)। त्यस्तै, हामीकहाँ ५९ वटा सिमेन्ट कारखानाहरू छन् जसको ५८ प्रतिशत लुम्बिनी प्रदेशमा मात्र छ, त्यसपछि कोशी प्रदेशमा २२ प्रतिशत विद्यमान छन। इँटाभट्टा र सिमेन्ट कारखाना बाहेक वायु प्रदूषक अन्य कलकारखानाहरूको सङ्ख्या १ सय २० रहेको छ।

खाद्य सङ्कट

नेपालको संविधानले खाद्यसम्बन्धी हकलाई स्पष्ट उजागर गरेको पाइन्छ। संविधानको धारा ३६ मा यस सम्बन्धी उल्लेख गरिएको छ र भनिएको छ कि प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ, प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ। आर्थिक एवम् वातावरणीय समस्याहरू बल्झिँदै जाँदा खाद्य वस्तुको जोहो गर्न मुस्किल हुँदै गइरहेको छ। विकल्पका रूपमा उनीहरू वनजङ्गलमा पाइने कन्दमुल र च्याउ टिपेर ल्याउँछन्। च्याउ प्रोटिनयुक्त खाद्यवस्तु हो। वन-जङ्गलबाट टिपेर ल्याइने च्याउ कुनै कुनै विषालु पनि हुन्छ र त्यसको सेवनबाट बिरामी र मृत्यु समेत हुन्छ। इन्सेकद्वारा सङ्कलित सूचना अनुसार विषालु च्याउ सेवनका कारण सन् २०२४ मा पाँच जना नागरिकहरूले ज्यान गुमाउनु पऱ्यो र ९२ जना बिरामी परे (तालिका ४.४)।

खानेपानी

स्वच्छ पानी जीवनको आधार हो साथै दूषित पानी जीवन गुम्ने कारण पनि हो। यद्यपि पृथ्वीको ७१ प्रतिशत भूभाग पानीले ढाकेको छ, खानयोग्य र बालीनालीलाई चाहिने स्वच्छ पानी भनेको ३ प्रतिशत मात्रै हो। हिमालयको देश भएको हुँदा नेपालमा स्वच्छ पानीको

समस्या छैन। तर, पहुँचको अभावमा नागरिकहरूले अझ पनि खानयोग्य स्वच्छ पानी पाइरहेका छैनन्। प्राप्त सूचना अनुसार ४५ प्रतिशत जनसङ्ख्याले यस्तो पानीको सुविधा पाउन सकिरहेको छैन (तालिका ४.४)। खानेपानीको सबभन्दा ठूलो समस्या मधेश प्रदेशमा विद्यमान भएको देखिन्छ, जहाँ मात्र ३१ प्रतिशतको पहुँचमा खानेपानी पुग्न सकेको छ, बाँकी ६९ प्रतिशत यो सर्वसुलभ आधारभूत वस्तुबाट बञ्चित छन्। त्यस्तै सुदूरपश्चिम प्रदेशका ५७ प्रतिशत जनताले स्वच्छ खानेपानी पाइरहेका छैनन्।

सार्वजनिक शौचालय

सरसफाइलाई मानव सभ्यताको परिचय मानिन्छ। यो मानव अधिकार पनि हो, जसलाई राज्यले प्रत्याभूत गर्नुपर्छ। यसलाई कुनै परोपकारी काम, दान वा सहयोगको रूपमा व्यवहार गर्न मिल्दैन। सार्वजनिक शौचालय सरसफाइको मापदण्डभित्र पर्ने अति आवश्यक सुविधा हो। मानव अधिकार र वातावरणका लागि विशेष प्रतिवेदकद्वारा जारी सञ्चारले सन् २०१७ मा विश्व शौचालय दिवस मनाउने सिलसिलामा सरसफाइलाई मानव अधिकारको रूपमा पैरवी गरेको थियो। सरसफाइसम्बन्धी मानव अधिकारले सबैजनालाई कुनै भेदभाव बिना, जीवनका सबै क्षेत्रमा सुरक्षित, स्वच्छ, सुरक्षित, सामाजिक तथा सांस्कृतिक रूपमा स्वीकार्य, गोपनीयता प्रदान गर्ने र मर्यादा सुनिश्चित गर्ने सरसफाइ सेवामा शारीरिक र आर्थिक रूपमा पहुँच पाउने अधिकार दिन्छ।

शहर-बजार र लामो दूरीको यात्रा गर्दा सार्वजनिक शौचालयको अभावले सास्ती नव्यहोरेका नेपाली कमै होलान्। इन्सेकद्वारा सङ्कलित सूचनामा देशभरिमा कूल ९ हजार ९ सय ४६ ओटा सार्वजनिक शौचालयहरू मौजुद रहेको देखिन्छ। यस्तो शौचालय सबभन्दा धेरै मधेश प्रदेश (४ हजार १७) र त्यसपछि बागमती प्रदेश (३ हजार १ सय ७६) मा विद्यमान छ। तथापि ठूलो जनसङ्ख्या, बजार, धेरै मानिसको आउजाउको विचार गर्दा यो सङ्ख्या धेरै नै कम हो। कर्णाली र सुदूरपश्चिम प्रदेशहरूमा सबभन्दा कम सार्वजनिक शौचालयहरू छन् जुन क्रमसः १ सय १ र २ सय ७ रहेको छ (तालिका ४.४)। काठमाडौं महानगरपालिकाद्वारा प्रकाशित एक तथ्याङ्क अनुसार देशको राजधानीमा जम्मा ६४ वटा सार्वजनिक शौचालयहरू छन्। विश्व स्वास्थ्य सङ्घका अनुसार प्रति ५० जना मानिस बराबर एक शौचालय हुनु पर्दछ।

उपसंहार

वातावरणीय अधिकार मानव अधिकारको अविभाज्य अङ्ग हो। वातावरणीय अधिकारको सुरक्षाले स्वस्थ र स्वच्छ वातावरणमा जिएर मानिसले आफू, आफ्नो परिवार र समाजप्रतिको दायित्व पूरा गर्ने अवसर प्राप्त गर्दछ। वातावरणीय अधिकार केवल प्रकृति संरक्षणको पैरवी मात्र होइन, बरु यो मानिसहरूको रक्षा गर्ने विषय हो। यतिबेला मानव जाति अभूतपूर्व वातावरणीय सङ्कटको सामना गरिरहेको छ। सफा, स्वस्थ र दिगो वातावरणको अधिकारको चेतना र कार्यन्वयनले न्यायपूर्ण र दिगो भविष्य निर्माण गर्न प्रणालीगत सुधार ल्याउने आशा गर्न सकिन्छ। मानव अधिकार र वातावरणबीचको सम्बन्धलाई अझ उजागर गर्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुन, न्यायिक निर्णय, र अध्ययन-अनुसन्धानहरूको सङ्ख्या र दायरा बढाउनु जरुरी छ।

सन्दर्भ स्रोत

https://www.un.org/en/about-us/universal-declaration-of-human-rights
https://www.ohchr.org/en/special-procedures/sr-environment/about-human-rights-and-environment
https://www.genevaenvironmentnetwork.org/resources/updates/human-rights-and-the-environment/
https://www.stockholmresilience.org/research/planetary-boundaries.html
https://www.unep.org/explore-topics/environmental-rights-and-governance/

अनुसूची ४.१ **नेपालका सात प्रदेशको वातावरणीय अधिकारसँग सम्बन्धित समस्याहरूको फेहरिस्त (सङ्ख्यामा)**

प्रदेश		जिल्ला	बसाईंसराइ	वायु प्रदूषण			च्याउ खाएर		खानेपानी (प्रतिशत)	शौचालय
				ईंटाभट्टा	सिमेन्ट कारखाना	अन्य	मृत्यु	बिरामी		
कोशी (१४)	१	ताप्लेजुङ	८७७	–	–	–	–	–	५६	४
	२	सङ्खुवासभा	८७७	–	–	–	–	–	६८	१३
	३	सोलुखुम्बु	२८३	–	–	–	–	–	३९	६
	४	ओखलढुङ्गा	५०६	–	–	–	–	–	५४	७
	५	खोटाङ	१,४५३	–	–	–	–	–	७७	१७
	६	भोजपुर	१,३१५	–	–	–	–	–	८७	६
	७	धनकुटा	७४६	–	–	–	–	–	८७	८
	८	तेह्रथुम	७३१	–	–	–	–	–	८७	१२
	९	पाँचथर	१,१८०	–	–	–	–	–	८६	१०
	१०	इलाम	९४८	–	–	–	३	–	४८	४४
	११	झापा	३,३६०	२१	४	–	–	–	८१	२१
	१२	मोरङ	३,३३०	२९	४	–	–	–	५१	४०
	१३	सुनसरी	२,९८७	७१	१	–	–	–	५१	३८
	१४	उदयपुर	१,२५३	५	४	–	–	–	६९	१४
मधेश (८)	१	सप्तरी	३,८७३	७२	–	–	–	–	३	१९८३
	२	सिरहा	३,१२०	१०६	२	–	–	–	१०	८
	३	धनुषा	२,८५६	७१	–	–	–	–	३५	७६
	४	महोत्तरी	२,५८६	७	–	–	–	–	८६	२८
	५	सर्लाही	५,८६०	१४७	–	–	–	–	४२	२७
	६	रौतहट	२,७८६	१६३	–	–	–	–	३०	२६
	७	बारा	३,३५७	६४	–	–	–	–	२३	९६०
	८	पर्सा	२,४३४	७४	–	–	–	–	२१	९०९
बागमती (१३)	१	दोलखा	१,१५०	–	–	–	–	–	४१	१८
	२	सिन्धुपाल्चोक	१०९	–	–	–	–	–	३९	२९
	३	रसुवा	१४१	–	–	–	–	–	६७	१
	४	धादिङ	२६३	४३	२	५०	–	–	९६	१०६
	५	नुवाकोट	१,८३७	३	–	–	–	–	३५	२७८
	६	काठमाडौँ	१३,५८६	१	–	–	–	–	४६	१३०५
	७	भक्तपुर	१,२५७	६३	–	–	–	–	५०	१७८
	८	ललितपुर	३,२२७	१४	–	–	–	–	४४	२४७
	९	काभ्रे	२,७४३	७	–	–	–	–	४४	२४७
	१०	रामेछाप	१,०२८	–	–	–	–	–	९१	८५
	११	सिन्धुली	३,८३५	२	–	–	–	–	३१	१४
	१२	मकवानपुर	६,२२०	१	३	–	–	–	४४	६१८
	१३	चितवन	१०,९९३	१०	–	–	–	–	७५	५०

प्रदेश		जिल्ला	बसाइँसराइ	वायु प्रदूषण			च्याउ खाएर		खानेपानी (प्रतिशत)	शौचालय
				ईंटाभट्टा	सिमेन्ट कारखाना	अन्य	मृत्यु	बिरामी		
गण्डकी (११)	१	गोरखा	२,९४३	५	–	–	–	–	९२	५०४
	२	मनाङ	९७	–	–	–	–	–	६३	८
	३	मुस्ताङ	७४	–	–	–	–	–	८९	१
	४	म्याग्दी	१,१०१	१	–	–	–	–	६६	१
	५	कास्की	३,३६४	–	–	–	–	–	६६	३६९
	६	लमजुङ	२,४१८	–	–	–	–	–	६४	१३०
	७	तनहुँ	५,७७३	७	२	–	–	–	९२	२०
	८	नवलपरासी पूर्व	५,९८२	६	२	४४	–	–	६०	२३९
	९	स्याङ्जा	६,२९४	–	–	–	–	–	४२	२००
	१०	पर्वत	२,३८०	१	–	–	–	–	९४	११८
	११	बाग्लुङ	४,४६९	२	–	–	–	–	८९	१६७
लुम्बिनी (१२)	१	रुकुम पूर्व	१०९	–	–	–	–	–	३५	११
	२	रोल्पा	५९२	–	–	–	–	–	६५	२५
	३	प्यूठान	५७०	–	–	–	–	–	५६	१७
	४	गुल्मी	१,२१७	–	–	–	–	८	५५	४
	५	अघाखाँची	८३१	७	–	६	–	–	८९	२८
	६	पाल्पा	९६७	–	३				९०	१२९
	७	नवलपरासी पश्चिम	५९२	१२	६	–	–	–	६२	५३
	८	रुपन्देही	१,३६१	५४	११	–	–	–	४७	११०
	९	कपिलवस्तु	४७४	५०	९	–	–	–	४५	७
	१०	दाङ	१,३२४	६४	३	–	१	५१	५७	१६
	११	बाँके	१,०२४	९१	२	२		१८	८५	३१
	१२	बर्दिया	८२३	३०	–	–	–	–	११	१७
कर्णाली (१०)	१	डोल्पा	१५	–	–	–	–	–	७०	२
	२	मुगु	११८	–	–	–	–	–	६०	१
	३	हुम्ला	२२	–	–	–	–	–	२३	५
	४	जुम्ला	२३९	–	–	–	–	–	४०	१०
	५	कालीकोट	२९३	–	–	–	–	–	३५	१
	६	दैलेख	१,०००	–	–	–	–	–	९१	३४
	७	जाजरकोट	५१०	–	–	–	–	–	८०	७
	८	रुकुम पश्चिम	२८४	–	–	–	–	–	५	३
	९	सल्यान	७१६	–	–	४		७	३७	१५
	१०	सुर्खेत	१,२४०	६	२	१४		३	७५	२३
सुदूर पश्चिम (९)	१	बाजुरा	२५६	–	–	–	–	–	१९	८
	२	बझाङ	४६५	२	–	–		५	३४	१५
	३	दार्चुला	५१५	–	–	–	–	–	८०	२४
	४	बैतडी	१,४१७	–	–	–	–	–	८६	१३
	५	डडेल्धुरा	८९४	–	–	–	१	–	७०	१४
	६	डोटी	१,१३९	–	–	–	–	–	–	५०
	७	अछाम	१,२०४	–	–	–	–	–	१५	२१
	८	कैलाली	२,२२१	६८	–	–	–	–	३१	१६
	९	कञ्चनपुर	१,७२५	४३	–	–	–	–	३	४६
(७७)		जम्मा	१,५०,८४५	१,४२३	५७	१२०	५	९२	५५.९३	९,९४६

स्रोतः इन्सेकका प्रतिनिधिहरूद्वारा आ-आफ्ना जिल्लाका निकायहरूबाट सङ्कलित प्रतिवेदन।

नोटः कोष्ठ भित्रको सङ्ख्या प्रदेशभित्रका जिल्लाहरूको सङ्ख्या हो। मानिसहरूले खाद्य-परिकारको लागि वन-जङ्गलबाट टिपेर ल्याएका च्याउ कुनै कुनै विषालु पनि हुन्छ र अञ्जानवश त्यसको सेवनबाट बिरामी भई समयमै उपचार नहुँदा मृत्युसमेत हुन्छ।